# प्रदेश लोक सेवा आयोग

कोशी प्रदेश, विराटनगर, नेपाल

प्रदेश लोक सेवा आयोग
कोशी प्रदेश
विराटनगर, नेपाल

पत्र संख्याः-२०८१/८२
चलानी नं.:- ९६५५

मिति २०८१-०९-०४

विषय : लेख रचना उपलब्ध गराउने सम्बन्धी सूचना ।

प्रदेश लोक सेवा आयोग, कोशी प्रदेशले वार्षिक रुपमा प्रकाशन गर्ने स्मारिका वर्ष ५, अङ्कः ५, प्रकाशन हुन गइरहेको हुँदा उक्त स्मारिकामा लेख रचना समावेश गर्न ईच्छुक सबैलाई बढिमा ३ हजार शब्दमा नबढ्ने गरी यही मिति २०८१ पुष २५ गतेभित्र लेख रचना उपलब्ध गराई दिनुहुन आह्वान गरिन्छ । लेख रचना संघीय शासन प्रणालीको परिधि भित्र रही सार्वजनिक प्रशासन तथा व्यवस्थापनसँग सम्बन्धित खोजमूलक तथा अनुसन्धानमूलक हुनुपर्नेछ। प्रकाशनका लागि पठाइने लेख रचनाको माध्यम भाषा नेपाली भए नेपाली युनिकोडमा Kalimati फन्टको साइज १२ र अंग्रेजी भए Times New Roman फन्टको साइज १२ मा टाइप गरिएको हुनुपर्नेछ। लेखकले आफ्नो लेख रचनामा अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने विषयहरु देहाय बमोजिम रहेका छन् ।

(क) लेखको शुरुमा लेखको सार जनाउने सारांश (Abstract)
(ख) मुख्य लेख/विषयवस्तु
(ग) अन्त्यमा निष्कर्ष
(घ) लेख तयार पार्न प्रयोग भएका सन्दर्भ सामग्री

लेख रचनाका साथ लेखकले आफ्नो नाम, इमेल ठेगाना र फोन नम्बर पनि उल्लेख गरी पठाउन समेत अनुरोध गरिन्छ । लेख रचनाहरु आयोगको इमेल ठेगाना koshipsc@gmail.com मार्फत अथवा आयोगको कार्यालयमा सिधै सम्पर्क गरी पेश गर्न सकिनेछ ।

पुनश्च : लेख रचनाका सम्बन्धमा लेखक स्वयं जवाफदेही हुनुपर्नेछ । स्मारिकामा प्रकाशित लेख रचनालाई प्रदेश कानूनमा व्यवस्था भए बमोजिम पारिश्रमिकको समेत व्यवस्था गरिएको छ । यस सम्बन्धमा थप जानकारीका लागि आयोगका वरिष्ठ शाखा अधिकृत श्री जय नारायण अधिकारीलाई ( मो. नं. ९८४४६४४३२०) मा सम्पर्क गर्न सकिने छ ।

प्रकाश गुरुङ्ग
उपसचिव